# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर पौडेल र आरबीआईका गभर्नर मलहोत्राबीच भेटवार्ता

नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र भारतीय रिजर्व बैंक (आरबीआई) का गभर्नर श्री सञ्जय मलहोत्राबीच २०८२ माघ ५ गते भेटवार्ता भएको छ ।



मुम्बईस्थित आरबीआईको मुख्यालयमा सम्पन्न भेटवार्तामा नेपाल र भारतबीच हुने अन्तरदेशीय विद्युतीय भुक्तानी कारोबार र दुईपक्षीय हितका विषयमा छलफल भयो । भेटका अवसरमा नेपाली नागरिकले भारत भ्रमणका क्रममा क्यूआर कोडमार्फत हुने भुक्तानीलाई सहजीकरण गर्ने विषयमा छलफल केन्द्रित थियो । यसै गरी, मौद्रिक नीति, तरलता व्यवस्थापन, विदेशी विनिमय व्यवस्थापन, आर्टिफिसियल इन्टिलिजेन्समा आधारित सुपरिवेक्षण, सूचना प्रविधिको क्षेत्रमा आरबीआईले गरेका असल नीतिगत अभ्यास बारे छलफल भएको थियो । साथै, वित्तीय क्षेत्रका उदीयमान र समसामयिक मामिलासँगै दुईपक्षीय सहयोग आदानप्रदानका विषयमा समेत छलफल भएको थियो ।

नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक किरण पण्डित, भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिना र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलले विभागका कामकारबाहीसँग सम्बन्धित विभिन्न विषयमा आरबीआईसँग सहकार्य गर्न सकिने विचार राख्नुभएको थियो ।

भारत भ्रमणका दौरान गभर्नर पौडेलले माघ ६ गते गुजरात, अहमदाबादस्थित 'इन्टरनेसनल फाइनान्सियल सर्भिस सेन्टर्स अथोरिटी' (IFSCA) का उच्च अधिकारीहरूसँग समेत भेटवार्ता गर्नुभएको थियो । भेटका अवसरमा IFSCA का तर्फबाट 'गुजराज इन्टरनेसनल फाइनान्स टेक-सिटी गिफ्ट (GIFT City) अवधारणा, हालको अवस्था, लगानी प्रवर्द्धनको लागि अवलम्बन गरिएका नीति र नेपाल राष्ट्र बैंकसँग सहकार्य गर्न सकिने विषयमा छलफल भएको थियो ।

२०८२ माघ ११ गते

गभर्नरको कार्यालय